सआज मिति २०८२ साल चैत २ गते सोमबारको दिन सुनकोशी गाउँ कार्यपालिकाका अध्यक्ष श्री कमल तामाङज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

**उपस्थितिः-**

| **क्र.सं.** | **नाम थर** | **पद** | **हस्ताक्षर** |
|---|---|---|---|
| १. | श्री कमल तामाङ | अध्यक्ष | |
| २. | श्री सुनिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री प्रकाश सापकोटा | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री खिल बहादुर तामाङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री गिर्बराज थापा मगर | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री टायन्द्र राई | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री गोबिन्द राम तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री बिष्णु आले मगर | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री चेत बहादुर कटवाल | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री गुणराज भट्टराई | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री हितराज कार्की | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री छविरमण धमला | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री जमुना घिमिरे | कार्यपालिका सदस्य | |
| १४. | श्री लक्ष्मी बानियाँ (खत्री) | कार्यपालिका सदस्य | |
| १५. | श्री सिर्जना पौडेल (दाहाल) | कार्यपालिका सदस्य | |
| १६. | श्री शुशिला श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १७. | श्री होम बहादुर बि.क. | कार्यपालिका सदस्य | |
| १८. | श्री लोकेन्द्र बहादुर राई | सचिव | |

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
मुलखर्क, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

**प्रस्तावहरुः-**

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यन्वयन सम्बन्धमा,
२. गाउँ कार्यपालिकाले स्वीकृत गरी कार्यन्वयन गर्नुपर्ने विषयहरुको प्रस्तावहरुको सम्बन्धमा,
३. चञ्चलादेवी मन्दिर निर्माणको काठ खरिद गर्ने सम्बन्धमा,
४. वडा कार्यालय भवन, वडा नं. २ को अन्तिम भुक्तानी दिई फरफारक गर्ने सम्बन्धमा
५. वडा कार्यालय भवन, वडा नं. ६ को अन्तिम भुक्तानी दिई फरफारक गर्ने सम्बन्धमा
६. ३ नं. वडा कार्यालयको लागि जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा
७. ८ नं. वडा कार्यालयको लागि जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा
८. १० नं. वडा कार्यालयको लागि जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा
९. गाउँ कार्यपालिका कार्यालयको नाममा जग्गा कायम गर्ने सम्बन्धमा,
१०. सरकारी कार्यालयहरु उद्घाटन गर्ने सम्बन्धमा,
११. जिर्ण सरकारी कार्यालयहरु भत्काउने र लिलाम गर्ने सम्बन्धमा,
१२. विविध

**निर्णयहरुः-**

१. प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको गाउँ कार्यपालिकाको अघिल्लो बैठकहरुमा निर्णय गरिएका निर्णयहरु प्रभावकारी रूपमा कार्यन्वयन भएको भनी समिक्षा गरियो।

२. प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरी कार्यन्वयन गर्नुपर्ने तपसिल महत्वपूर्ण विषयहरुको प्रस्तावहरु तयारी गरी आगामि बैठकहरुमा पेश गर्ने भनी निर्णय गरियो।

**तपसिलः-**

क) स्थानीय पाठ्यक्रम
ख) भू-उपयोग योजना
ग) सडक गुरु योजना
घ) विपद् तयारी तथा प्रतिकार्य योजना
ङ) बाझो जमिन उपयोग कार्य योजना
च) स्थानीय अनुकुलन कार्य योजना
छ) सडक अधिकारक्षेत्र मापदण्ड
ज) दिवा खाजाको सासहिक सूची तथा मापदण्ड
झ) स्वच्छ खानेपानी मापदण्ड
ञ) बाल संरक्षण मापदण्ड

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मुलखर्क, ओखलढुङ्गा कोशी प्रदेश, नेपाल

ट) जग्गा प्लटिङ तथा खण्डीकरण मापदण्ड

ठ) बजार व्यवस्थापन अनुगमन कार्यविधि

ड) आन्तरिक नियन्त्रण कार्यविधि

ढ) गरिब लक्षित स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि

ण) आपतकालिन सेवा सञ्चालन केन्द्र कार्यविधि

त) कृषि तथा पशु बीमा कार्यक्रम सञ्चालन कार्यविधि

३. प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको **ठूलीपोखरी चन्चलादेवी मन्दिर निर्माण** योजनाको ठेक्का नं. **11/NCB/TBCWORKS/SRM/081/82** को मिति २०८२/०४/२३ मा गाउँपलिका र श्री **Triune Engineering and Builders Pvt. Ltd., Bhaktapur** बीच रु. ६३,८८,३३५.८७ मा सम्झौता भई निर्माण कार्य भईरहेकोमा निर्माण कार्य गर्न क्रममा Bill of Quantity (BoQ) मा भएको Items को परिमाणमा झ्याल, ढोका लगायत अन्य काठमा परिमाण पुग्दो नभएकोले सो आयोजना सम्पन्न गर्न र मठ मन्दिरको मापदण्ड बमोजिम बनाउन उपयुक्त देखिएकोले क्रममा Bill of Quantity (BoQ) मा नभएका झ्याल, ढोका लगायत अन्य काठको कामको लागि सार्वजिनक खरिद ऐन, २०६३ को दफा ४१ तथा सार्वजिनक खरिद नियमावली, २०६४ को दफा ८५ बमोजिम सोझै खरिद विधिबाट खरिद गरी आयोजनामा प्रयोग गर्ने भनी निर्णय गरियो।

४. प्रस्ताव नं. ४ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको २ नं. वडा कार्यालय निर्माणको लागि ठेक्का नं. 07/NCB/BCWORKS/SRM.2081/82 बमोजिम श्री केवलेश्वर कन्सट्रक्सन प्रा.लि. रामेछाप सँग रु. ५८, १८,५९५ (VAT & PS सहित) मा सम्झौता भई निर्माण कार्य भएकोमा निर्माण कम्पनीले निर्माण कार्य सम्पन्न गरी अन्तिम भुक्तानी माग गरेकोले रु. ५४,२८,८४९.८७ (VAT & PS सहित) बराबर भुक्तानी गरी योजना फरफारक गर्ने भनी भनी निर्णय गरियो।

५. प्रस्ताव नं. ५ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको ६ नं. वडा कार्यालय निर्माणको लागि ठेक्का नं. 08/NCB/BCWORKS/SRM.2081/82 बमोजिम श्री श्री केवलेश्वर कन्सट्रक्सन प्रा.लि. रामेछापसँग रु. ५८,१८,५९५ (VAT & PS सहित) मा सम्झौता भई निर्माण कार्य भएकोमा निर्माण कम्पनीले निर्माण कार्य सम्पन्न गरी भुक्तानी माग गरेकोले रु. ५१,२५,२३१.६४ बराबर भुक्तानी गरी योजना फरफारक गर्ने भनी भनी निर्णय गरियो।

६. प्रस्ताव नं. ६ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको वडा नं. ३ को वडा कार्यालय भवन निर्माणको लागि जग्गगा व्यवस्थापन गर्नु पर्ने भएकोले जग्गा प्राप्तको लागि तपसिल बमोजिम चार दिशाको चार किल्लाको दुरी कायम गरी सुरुमा निशुल्क र निशुल्क प्राप्त नभएमा सशुल्क रुपमा प्राप्त गर्नेको लागि १५ (पन्ध्र) दिने सूचना प्रकाशन गर्ने भनी निर्णय गरियो।

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

**तपसिलः-**

केन्द्रः सिस्नेरी भञ्ज्याङ (साबिक पुरानोको स्वास्थ्य चौकी भवनमा)

पुर्वः ७०० मिटर

पश्चिमः ७०० मिटर

दक्षिणः ७०० मिटर

उत्तरः ७०० मिटर

७. प्रस्ताव नं. ७ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको वडा नं. ८ को वडा कार्यालय भवन निर्माणको लागि जग्गगा व्यवस्थापन गर्नु पर्ने भएकोले जग्गा प्राप्तको लागि तपसिल बमोजिम चार दिशाको चार किल्लाको दुरी कायम गरी सुरुमा निशुल्क र निशुल्क प्राप्त नभएमा सशुल्क रुपमा प्राप्त गर्नेको लागि १५ (पन्ध्र) दिने सूचना प्रकाशन गर्ने भनी निर्णय गरियो।

**तपसिलः-**

केन्द्रः मानेडाँडा (हालको आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवनमा)

पुर्वः ७०० मिटर

पश्चिमः ७०० मिटर

दक्षिणः ७०० मिटर

उत्तरः ७०० मिटर

८. प्रस्ताव नं. ८ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको वडा नं. १० को वडा कार्यालय भवन निर्माणको लागि जग्गगा व्यवस्थापन गर्नु पर्ने भएकोले जग्गा प्राप्तको लागि तपसिल बमोजिम चार दिशाको चार किल्लाको दुरी कायम गरी सुरुमा निशुल्क र निशुल्क प्राप्त नभएमा सशुल्क रुपमा प्राप्त गर्नेको लागि १५ (पन्ध्र) दिने सूचना प्रकाशन गर्ने भनी निर्णय गरियो।

**तपसिलः-**

केन्द्रः कमलपोखरी (कमल पोखरी)

पुर्वः ७०० मिटर

पश्चिमः ७०० मिटर

दक्षिणः ७०० मिटर

उत्तरः ७०० मिटर

९. प्रस्ताव नं. ९ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको वडा नं. ३ मा रहेको उपस्वास्थ्य चौकी, सिस्नेरीको नाममा रहेको  कित्ता नं. १०९८ र कित्ता नं. ८३४ को जग्गा  सुनकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको नाम कायम गर्ने भनी निर्णय गरियो।

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

१०. प्रस्ताव नं. १० को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको सरकारी कार्यालयहरु तपसिल बमोजिम उद्घाटन गर्ने भनी निर्णय गरियो।

तपसिलः-

| क्र.सं. | कार्यालय | उद्घाटन गर्ने | कैफियत |
|---|---|---|---|
| १. | २ नं. वडा कार्यालय | गाउँपालिका अध्यक्ष | |
| २. | ६ नं. वडा कार्यालय | गाउँपालिका अध्यक्ष | |
| ३. | आधारभूत स्वास्थ्य सेवा केन्द्र, पारा | गाउँपालिका अध्यक्ष | |
| ४. | आधारभूत स्वास्थ्य सेवा केन्द्र, डाँडा जेरुङ | गाउँपालिका अध्यक्ष | |
| ५. | आधारभूत स्वास्थ्य सेवा केन्द्र, कुशादेवी | गाउँपालिका अध्यक्ष | |
| ६. | आधारभूत स्वास्थ्य सेवा केन्द्र, मानेडाँडा | गाउँपालिका अध्यक्ष | |
| ७. | स्वास्थ्य चौकी, मुलखर्क | गाउँपालिका अध्यक्ष | |
| ८. | फलाटे बजार ट्रष्ट भवन | गाउँपालिका अध्यक्ष | |
| ९. | कोषहाट बजार व्यवस्थापन | गाउँपालिका अध्यक्ष | |
| १०. | आधारभूत अस्पताल (५ शैय्या) | सम्मानीय राष्ट्रपतिज्यूलाई अनुरोध गर्ने | |
| ११. | प्रशासनिक भवन | सम्मानीय राष्ट्रपतिज्यूलाई अनुरोध गर्ने | |

११. प्रस्ताव नं. ११ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकामा रहेका तपसिलका सरकारी कार्यालयहरु भत्काई भएका समानहरु लिलाम प्रक्रिया गर्ने भनी निर्णय गरियो।

तपसिलः-

| क्र.सं. | कार्यालय | कैफियत |
|---|---|---|
| १. | साबिक कटुञ्जे गा.वि.स.को भवन | |
| २. | साबिक उपस्वास्थ्य चौकी, कटुञ्जेको पुरानो भवन | |
| ३. | साबिक स्वास्थ्य चौकी, मुलखर्कको भवन | |
| ४. | सामुदायिक भवन, बलखु | |
| ११. | प्रशासनिक भवन | |

१२. विविध सम्बन्धमा छलफल गर्दा वडा नं. ८ को कार्यालय नजिकको कुनै सरकारी भवन वा सहकारी संस्थाको भवनमा निशुल्कमा प्रयोग गर्ने निर्णय गरियो।

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत